आकाशवाणी

२५-१०-१२          शनिवार

सर्वप्रथम मुख्य समाचार

प्रधानमन्त्रीले भोली बिहान एघाह्र बजे आकाशवाणीमा मन की बात कार्यक्रम मार्फत देश-विदेशका मानिसहरू संग आफ्नो विचार साझा गर्नुहुने

- सरकारले केन्द्र सरकारका कर्मचारीहरूलाई विभिन्न निवेश विकल्पहरूको विस्तारलाई दिएकोछ स्वीकृती
- स्वास्थ्य र परिवार कल्याण मन्त्रीले देशमा आठ सय उन्नाइस मेडिकल कलेज भएको दिनुभयो जानकारी
- वर्तमान चाडवाडको समयमा अहिले सम्म लगभग डेढ करोड मानिसले रेलगाडिमा यात्रा गरिसकेको रेल मन्त्रीको भनाई अनि ,
- भारतले पाकिस्तान संग उसको अवैध कब्जा भएको क्षेत्र, विशेष रूपले कश्मीरमा, गम्भीर र निरन्तर मानवाधिकार उल्लङ्घलाई रोक्ने गरेको छ आह्वान

-------------

## 19 प्रधानमन्त्री - मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोली बिहान एघाह्र बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरू संग आफ्नो विचार साझा गर्नुहुनेछ । यो यस मासिक रेडियो कार्यक्रमको एक सय सत्ताइसौं कडी हुनेछ । यो

कार्यक्रम पूरा आकाशवाणी र दूरदर्शन नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र **न्यूज़ अन** ए.आई.आर मोबाइल एप्पमा प्रसारित गरिनेछ। यसको सीधा प्रसारण आकाशवाणी समाचार, डीडी न्यूज़, प्रधानमन्त्री कार्यालय अनि सूचना र प्रसारण मन्त्रालयले यूट्यूब च्यानलहरूमा पनि गर्नेछ। आकाशवाणी हिन्दी प्रसारणको तुरन्तै पछि क्षेत्रीय भाषाहरूमा कार्यक्रमको प्रसारण गरिनेछ।

## प्रधानमन्त्री-छठ

प्रधानमन्त्री नरेन्द्र मोदीले छठ पर्वको अवसरमा देश र विश्व भरीका श्रद्धालुहरूलाई हार्दिक शुभकामना दिनुभयो। एउटा सोशल मीडिया पोस्टमा, श्री मोदीले व्रत राख्ने सबैको अटूट भक्तिलाई नमन गर्नुभयो र यस चार दिवसीय पर्वको गहन सांस्कृतिक महत्वमा प्रकाश पार्नुभयो। प्रधानमन्त्रीले छठको बढ्दो वैश्विक मान्यतालाई पनि स्वीकार गर्नुभयो अनि भन्नुभयो, विश्व भरमा भारतीय परिवारले पूरा मनोयोगले यस अनुष्ठानमा भाग लिन्छन्। प्रधानमन्त्रीले छठी मैयासंग सबैमा आफ्नो असीम कृपा बनाइ राख्ने कामना गर्नुभयो भने गृह मन्त्री अमित शाहले पनि शुभकामना दिँदै सोशल मीडियापोस्टमा भन्नुभयो, नहाय-खायको रिति रिवाज देखी शुरू हुने छठ पूजाको पर्व परम्परा, आस्था र सामाजिक सद्भावको उत्सव हो। उहाँले छठी मैया संग सबैको सुख-समृद्धिको प्रार्थना गर्नुभयो।

## 5-सरकार-एन.पी.एस. यू.पी.एस

सरकारले केन्द्र सरकारका कर्मचार◌ीहरूलाई अब राष्ट्रीय पेन्शन प्रणाली- एन.पी.एस. र एकीकृत पेन्शन योजना- यू.पी.एस. अन्तर्गत लाइफ साइकल- एलसी पचहत्तर र Balanced लाइफ साइकल-बी.एल.सी. जस◌्तो निवेश विकल्पहरूको विस्तारलाई स्वीकृती द◌िएको छ। य◌ो कदम ती कर्मचार◌ीहरूको लामो समयदेखी चली आएको मांगको अनुरूप छ, जसले चाह◌ेका थिए , उनीहरूलाई पनि निजी क्षेत्र जस्तै निवेशको अधिक लचील◌ो विकल्प मिल◌ोस् । यी विकल्पको उद्देश्य रिटायरमेन्ट प्लानिङ्गमा लचीलापन बढ़ाउनु र कर्मचार◌ीहरूलाई आफ्नो निवेशलाई आफ्नो रूचि र जोखिम क्षमता अनुसार प्रबन्धित गर्ने स्वत्रन्त्रता द◌िन◌ु हो।

केन◌्द्र सरकारका कर्मचारीले यू.पी.एस. र एन.पी.एस. अन्तर्गत अब डिफल◌्ट अपशन जस◌्तो केही निवेश विकल◌्प मध्ये चयन गर्न सक्छन्। यस निर्णयले प्रमुख लाभ प्राप्त ह◌ुनेछ, जस◌्तै अधिक लचील◌ोपन र विकल्प, Glide Path Mechanism, विस्तृत अटो च◌ोइस विकल्प र सूचित योजनाका लागि समर्थन।

## नड्डा-एम्स दीक्षांत समारोह

स्वास्थ्य र परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले चिकित्सा शिक्षाको क्षेत्रमा

देशको प्रगतिमा प्रकाश पार्दै भन्नुभयो, देशमा अब **आठ सय उन्नाइस** मेडिकल कलेज छन् । उहाँले भन्नुभयो, देशमा स्नातक चिकित्सा सीट अब एकाउन्न **हज़ार देखी** बढ़ेर एक लाख उन्तिस हज़ार भएकोछ ।

अखिल भारतीय आयुर्विज्ञान संस्थान - एम्स, नयाँ दिल्लीको पचासौ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै, श्री नड्डाले भन्नुभयो, स्नातकोत्तर चिकित्सा सीटको संख्या पनि बढ़ेर लगभग अठहत्तर हज़ार भएकोछ। उहाँले ज़ोड दिनुभयो, चिकित्सा विज्ञान, प्रशिक्षण र स्वास्थ्य सेवाको क्षेत्रमा, एम्सले स्वास्थ्य सेवा उत्कृष्टता र रोगीहरूको रेखदेखमा अग्रणी रूपमा आफ्नो पहचान बनाएकोछ ।

**17 भारत दिवस - शंघाई**

शंघाईमा आयोजित सातौ बण्ड शिखर सम्मेलनमा आज भारत दिवस मनाइयो । यस कार्यक्रममा देशको विकास र सुधारका साथ-साथ तकनीकी प्रगतिलाई दर्शाइयो । शंघाईमा भारतका महावाणिज्य दूत प्रतीक माथुर, नीति आयोगका उपाध्यक्ष **सुमन बेरी** र वित्तीय सेवा, प्रौद्योगिकी तथा शिक्षा क्षेत्रका परिचित व्यक्तिहरूले यस कार्यक्रममा भाग लिए । भारतीय मिशन अनुसार, सम्मेलनमा भारतको हरित परिवर्तन र ग्लोबल साउथको हितलाई ध्यानमा राख्दै जलवायु-समता वित्तपोषणमा विचार विमर्श भयो । यस अन्तर्गत आपूर्ति-श्रृंखला पुनर्स रेखण, प्रौद्योगिकी र आर्टिफिशियल इन्टेलिजेन्सको परिवर्तनकारी प्रभावमा पनि चर्चा

भयो। तीन दिवसीय बण्ड शिखर सम्मेलन एउटा वैश्विक आयोजन ह्ो, यसक्ो समापन वित्त, प्रौद्योगिकी र वैश्विक प्रशासन व्यवस्थाको भविष्यमा व्यापक संवादका साथ भयो।

**अश्विनी रेल**

रेल मन्त्री अश्विनी वैष्ृणवले भन्नुभयो, वर्तमानमा चाडवाडको समयमा अहिले सम्म लगभग डेढ करोड मानिसले रेलगाडिमा यात्रा गरिसकेकाछ्न् । उहाँले भन्नुभयो , यस सीजनको अन्त सम्म ढाई करोड भन्दा अधिक मानिसले रेलमा सफर गर्ने अनुमान छ । श्री वैष्णवले आज नयाँ दिल्लीमा संवाददाताहरूलाई बताउनुभयो, तीस रेलवे स्टेशनमा भीड-प्रबन्धनका लागि ठूलो क्षेत्र तय गरिएकोछ।

**-पीआईबी तथ्य जांच**

सरकारले सोशल मीडिया च्ृयानलहरूमा प्रसारित त्यो भिडियो सन्देशको खण्डन गरेकोछ जसमा, केही भारतीयहरू  अफग्ानिस्तानमा तालिबान सरकारको हिरासतमा छन् भनेर दावा गरिएको छ। पत्र सूचना कार्यालयको तथ्य जाॅंच इकाईले सोशल मीडिया पोस्टमा, यो रिपोर्ट फर्जी रहेको बताएकोछ । पोस्टमा प्रयोग गरिएको भिडियो पुरान्ो ह्ो र वर्ष दुई हजार एकाइसको हो। पत्र सूचना कार्यालयले मानिससंग सोशल मीडियामा फैलाइएको झूठ्ो प्रचार संग सावधान रहने र यस्तो सामग्रीको जानकारी  आठ सात नौ नौ सात एक एक दुई

पाँच नौ-मा फ ोन गरेर अथवा factcheck@pib.gov.in मा इमेल गर्ने आग्रह गरेकोछ ।

## 7 भारत-संयुक्त राष्ट्र-पाक उल्लंघन

भारतले  पाकिस्तान संग उसको अवैध कब्जा भएको क्षेत्र, विशेष रूपले कश्मीरमा, गम्भीर र निरन्तर मानवाधिकार उल्लङ्घलाई रोक्ने आह्वान गरेकोछ । संयुक्त राष्ट्रमा भारतका स्थायी प्रतिनिधि, पार्वथा नेनी हरीशले हिजो अस्सीऔं संयुक्त राष्ट्र दिवसमा आयोजित 'संयुक्त राष्ट्र संगठन: भविष्य तर्फ दृष्टि' विषयमा खुला बहसमा संयुक्त राष्ट्र सुरक्षा परिषदलाई सम्बोधन गर्नुभयो । उहाँले दोहोर्याउनुभयो, जम्मू कश्मीर सदैव भारतको अभिन्न र अविभाज्य अङ्ग रहनेछ ।

---------